# दोरम्बा गाउँपालिकाको सँशोधित विनियोजन विधेयक, २०७६

दोरम्बा गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

सभाबाट स्वीकृत मितिः २०७६/१०/०७

**प्रस्तावनाः** दोरम्बा गाउँपालिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम दोरम्बा गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

**(१)** यस ऐनको नामः “दोरम्बा गाउँपालिकाको सँशोधित विनियोजन विधेयक, २०७६” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६/७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७६/७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४६,३९,७७,०००।- (अक्षेरुपी छयालिस करोड उनन्चालिस लाख सतहत्तर हजार रुपैया मात्र) निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्ने गरि स्वीकृत गरिएकोमा संघ, प्रदेशवाट प्राप्त रकमलाई गाउँपालिका को गाउँसभावाट स्वीकृत गर्नुपर्ने भएको र संचित कोषमा रहेको रकम रु

२,५०,००,०००। लाई विनियोजन ऐनमा समावेश गरि थप व्यवस्थित गर्नुपर्ने भएकोले संघीय सरकारवाट प्राप्त समपुरक अनुदान रु ६००,०००।, प्रदेश सरकारको सशर्त अनुदान रु १,००,००,०००, समपुरक अनुदान १,०४,३०,०००, स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमका लागि प्राप्त रु ६०,००,०००। र प्रदेश पुर्वाधार विकास साझेदारी कार्यक्रमका लागि प्राप्त रु ५०,००,०००। र पर्यटन पुर्वाधार विकास कार्यक्रमको रु २५,००,०००। गरि कुल जम्मा रु ५,९५,३०,०००। ( अक्षररुपि रु पाच करोड पन्चानव्वे लाख तीस हजार रुपैया मात्र) पाचौ गाउंसभावाट विनियोजित रकममा थप गरि गाउँपालिकाको संचित कोषवाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त दोरम्बा गाउँपालिकाको गाउं कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।